# WEST BENGAL STATE COUNCIL OF VOCATIONAL EDUCATION & TRAINING

## Higher Secondary (Vocational) Examination, 2010

## CLASS XII

(For Regular & Casual Candidates)

## NEPALI

Time Allowed: 3 Hours Full Marks: 100

१। अवतरित पद्यांशहरुमा आधारित कुनै दुइ प्रश्नहरुको उत्तर लेख। २×१०=२०

(क) *छैनन् तिनी अब यहाँ अरु ठाँउमा छन्*
*उस्पारमा कुन कुना सुर गाउँमा छन्।*
*जो देखिँदैन उहि सम्झनुको विषाद।*
*आनन्द बन्दछ मिठो यसको प्रसाद।*

(i) उपर्युक्त पद्यांशका कवि को हुन्? कुन पाठबाट निकालिएको हो?
(ii) छैनन् तिनी अब भनेर कविले कसलाई भनेका हुन्? उनी अहिले कहाँ छिन्?
(iii) कविलाई कुन कुराको सम्झनाले विषाद लागेको छ?
(iv) प्रस्तुत पद्यांशको मूल भाव स्पष्ट पार।

(ख) *अनि*
*धेरै कालपछि*
*मेरी छोरी*
*कुनै दिन त्यस्तो आउला*
*त्यो रातो रेखा खोजेपनि*
*तिमी पाउनेछैनौ त्यहाँ।*

(i) प्रस्तुत पद्यांश कुन पाठबाट लिएको हो? यसका रचनाकार को हुन्?
(ii) कुनै दिन त्यस्तो आउला भनेर कविले कस्तो दिनको कल्पना गरेका छन्?
(iii) त्यो कस्तो रेखा र खोजे पनि नपाउने भनेर कविले के भन्न चाहेका छन्? स्पष्ट पार।

(ग) *रातो रगतले कोरिएको साँध छ*
*खेतमा डील लाए झैं*
*हेर हरेक राष्ट्रका फाटमा।*

(i) अवतरित पद्यांश कुन कविताबाट निकालिएको हो? यसका कवि को हुन्?
(ii) रातो रगतले कोरिएको साँध भन्नाले तिमी के बुझ्छौ?
(iii) प्रस्तुत पद्यांशमा कविले विशेषगरि के भन्न चाहेका छन्, अर्थ स्पष्ट पारेर लेख।

(घ) *भोलि उदाइदिने आकाशको हे सूर्य।*
*हाम्रो विचूर्ण अतीतलाई*
*त्यतैतिर कहीं लुकाइ राखेर आऊ*
*भोलि उदाइदिने मेरो धरतीको हे सूर्य।*

*हिजोका कुण्ठित क्षणहरूलाई*
*क्षितिज मन्तिरै छोडेर आऊ।*

(i) उपर्युक्त पद्यांश कुन कवितावाट निकालिएको हो। यसका कवि को हुन्?

(ii) यहाँ वियूर्ण अतीत भन्नाले के बुझिन्छ?

(iii) प्रस्तुत पद्यांशमा कविले के भन्न चाहेका छन्? अर्थ स्पष्ट पार।

२। तलका कुनै दुइ प्रश्नहरुको उत्तर लेख : २×१०=२०

(क) *एउटा झगड़ामा सबभन्दा निर्दोष काम हो त्यो झगड़ाको मध्यस्थ हुनु, तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन। मध्यस्थले एउटा न एउटा को शत्रु हुनै पर्छ।*

(i) मध्यस्थ भन्नाले के बुझिन्छ? यस पाठमा कसले मध्यस्थको काम गरेका थिए?

(ii) मध्यस्थ भएर उनले कस्ता कस्ता कार्य गरेका थिए?

(iii) के उनी आफ्नो कार्यप्रति सन्तुष्ट थिए? सन्दर्भ सहित उत्तर लेख।

(ख) *असम्भव छाउरीले ठूली शङ्का प्रकट गरी कहिले मानिशहरु पनि आपसतमा मिलेर बस्लान?*

(i) प्रस्तुत गद्यांश कुन पाठबाट निकालिएको हो? यसका रचनाकार को हुन्?

(ii) छाउरीले कुन कुरामा शंङ्का प्रकट गरी?

(iii) असम्भव भनी छाउरीले शंङ्का प्रकट गर्दै गरिएको प्रश्न के सार्थक प्रश्न हो? आफ्नी विचार लेख।

(ग) *उनी भाषा त्यहाँ लैजान्छन् जहाँ बालकहरु रमाउँछन्, जहाँ नेपाली निकखरा हुन्छ, जहाँ जननीहरु पुराना कथा सुनाउँछन्। उनमा क्लिष्टता छैन न कृत्रिमता। उनी शब्द बटार्दैनन् उनको कलम सजिलो संग चल्छ र कविता नेपाली पहाड़ नाघेर कलिल्यै उड़्दैनन्।*

(i) प्रस्तुत गद्यांश कसले, अनि कुन सन्दर्भमा भनेका हुन्।

(ii) उनी भनेर यहाँ कसलाई भनिएको हो?

(iii) उनयुर्क्त भनाइको तात्पर्य के हो? अर्थ स्पष्ट हुनेगरी लेख।

(घ) *मन ता आस्तिक, न नास्तिक। इश्वर मैले देखेको छैन, इश्वरको अस्तित्व छ भन्न पनि सक्तिन, छैन भन्ने प्रमाण पनि मसित छैन।*

(i) प्रस्तुत गद्यांश कुन कथावाट लिएको हो? यसका कथाकार को हुन?

(ii) प्रस्तुत वाक्य कसले कसलाई अनि कुन प्रसङ्गमा भनिएको हो खुलस्त पार।

(iii) लेखकसित के कुराको प्रमाण छैन?

(iv) नास्तिक र आस्तिक भन्नाले के बुझिन्छ अर्थ स्पष्ट पारेर लेख।

३। *भोलि उदाउने सूर्यलाई* अथवा **चारू** कविताको मूल भाव स्पष्ट पार। ५

४। टिप्पणी लेख : (कुनै एक) ५

(क) विध्वस्त जीवन, (ख) भोक र धर्म, (ग) भानुभक्त।

५। कुनै तीन प्रश्नहरुको उत्तर लेख। १०+१०+१०=३०

(क) अनुकरण शब्द भन्नाले के बुझिन्छ? तिमीले जानेका कुनै पाँचवटा अनुकरण शब्दहरु लेखेर वाक्यमा प्रयोग गर।

(ख) विपरीतार्थक शब्द भन्नाले के बुझिन्छ? तल दिएका शब्दहरुको विपरीतार्थक शब्द लेख :
उत्थान, निरपेक्ष, विस्तृत, अवनति, प्रलय, निष्क्रिय, क्रन्दन, इत्यादि।

(ग) पर्यायवाची शब्द भन्नाले के बुझिन्छ? तल दिएका शब्दहरुको तीन तीनवटा पर्यायवाची शब्द लेख :
अबेला, कोशिश, घमण्ड, प्रेम, भय, निर्धो, चक्षु।

(घ) कारक र विभक्ति भन्नाले के बुझिन्छ? कति प्रकारका हुन्छन्? प्रत्येकको नाम लेख।

(ङ) उखान भनाले के बुझिन्छ? तिमीले जानेका कुनै पाँचवटा उखानहरु लेखेर वाक्यमा प्रयोग गर।

६। भाव विस्तर गर। (कुनै एक) १०

(क) भानुभक्त पढ़ेर हाम्रो शिक्षा आरम्भ हुन्छ, उनलाई हेला गरेर समाप्त।

(ख) जहाँ इच्छा त्यहाँ उपाय।

(ग) शान्तिको विजय संग्रामको भन्दा कम हुँदैन।

७। कुनै एक विषयमा निवन्ध लेख : १०

(क) आतकंवाद र यसको समाधान।

(ख) साहित्य समाजको दर्पण हो।

(ग) फेशन र मादक पदार्थको कुप्रभाव।

---